स्वछन्द भैरव डोजो चित्लाङका १४ खेलाडीलाई ब्लाकबेल्ट । पृष्ठ ५ मा


प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com
खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक



कार्यालय:
थाहा नगरपालिका-७
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com




● मकवानपुर, वर्ष-१७, अंक-१२ ● २०८१ असोज २१ गते सोमबार, ● 07 October, 2024, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## इन्द्रसरोवरमा बाढी पहिरो:

# सिस्नेरीमा बजार छैन, बगर मात्रै !

विकास संवाददाता
थाहानगर

मकवानपुर इन्द्रसरोवर गाउँपालिका वडा नम्बर ३ को प्रमुख व्यापारिक केन्द्र नै सिस्नेरी हो। त्यसोत: हेटौंडा काठमाण्डौ ओहोर दोहोर गर्ने यात्रुका खाना खाने र हरियो तरकारी फलफुल कोशिली किन्ने ठाउँ पनि सिस्नेरी नै हो । तर १२ असोजको बाढीले सिस्नेरीमा बजार छैन न घर नै छ । सिस्नेरी बगर भएको छ। सिस्नेरीको सुन्दरता छिनभरकै बाढीले चकनाचुर बनाएको छ। अब सिस्नेरीमा सडकमाथिका ५/६ वटा घरबाहेक बजारको कुनै नामोनिशान छैन ।

साविकमा ठिक्कै आकारमा बग्ने कुलेखानी खोला १२ असोजमा रौद्ररूपमा देखापऱ्यो। त्यहाँ आएको बाढीले बजार क्षेत्रको सडकको आधाभन्दा बढी भाग कब्जा गऱ्यो। अहिले पानीको सतह घटे पनि बस्तीको भाग बगर बनेको छ । सिस्नेरी क्षेत्रका पूर्ववडाध्यक्ष कृष्णबहादुर ठकुरी अझै पनि यो विध्वंश पत्याउन सकिरहेका छैनन् । 'मैले थाहा पाएपछि ५ पटक ठूला बाढी आए, यसपटक त अतिचार भयो', ठकुरी भन्छन्,-'कुलेखानी जलाशयको बाँध लगाएपछि हामीलाई आनन्द नै थियो, बाढी आउँदा पनि खोला भुसी भएर पानी सहजै जान्थ्यो, यसपटक त नसोचेको महामारी नै आइपऱ्यो ।'

ठकुरीजस्तै स्थानीयका लागि सिस्नेरी यो क्षेत्रको साझा बजार मात्रै थिएन, धेरै स्थानीयबासीको जनजीविकाको माध्यम थियो। आवश्यक सरसामान निकटमै किन्न पाइने सुविधास्थल थियो। कृषि कर्म गर्नेहरूको बिक्रीस्थल पनि यही बजार थियो। चिया पिउँदै गफिने ठाउँ थियो । कामबाट थाकेर आएका स्थानीयहरू जमघट हुने र छलफल गर्ने थलो थियो । दुई दशकअघि मकवानपुरबाट काठमाडौं जोड्ने छोटो दूरीको हेटौंडा-कुलेखानी-सिस्नेरी-बल्खु सडकमा सार्वजनिक जिप चल्न थालेदेखि नै सिस्नेरी बजारमा चहलपहल बाक्लिँदै थियो ।

यो सडक भएर यात्रा गर्नेहरू एक छिन भए पनि सिस्नेरी बजार झर्न खोज्थे । त्यहाँको मनोरम वातावरणसँग घुलमिल हुन चाहने धेरै हुन्थे। यो क्षेत्रमा कुलेखानीको माछाको स्वाद चाख्नेदेखि स्थानीय परिकारहरू खान पर्यटक लालायित हुन्थे। अझ सिस्नेरीको कोगटे खोलामा रहेको प्राकृतिक पौडी पोखरी (नेचुरल स्विमिङ पुल) ले दिनमा करिब २५० भन्दा बढी पर्यटक नियमित भित्र्याइ रहेको थियो । काठमाडौं, हेटौंडा र वीरगञ्जदेखिका पर्यटक यो पोखरीमा पौडी खेल्न आउँथे ।

त्यसैले बजारमा खाना खाजाका होटलहरूको बाहुल्य थियो। बास बस्ने




होटल पनि थिए । सिस्नेरी किराना, कपडा, भाँडा, औषधि जस्ता उपभोग्य वस्तुहरू किनबेच हुने केन्द्रका रूपमा विकास हुँदै थियो। ४० वटा घर टहरामा थर्पिदै गरेका पसल र होटलहरूले यो बजारलाई अरू गुल्जार बनाउँदै थिए । पानी त यसअघि पनि परेकै हो। झरी पनि सिस्नेरीका लागि नयाँ घटना होइन । अनि १२ असोजको बिहान ६ बजेसम्म कुलेखानी उर्लिरहँदा पनि उतिसाह्रो उग्र बनेको थिएन, बजारबासी डराएका थिएनन् ।

करिब साढे ६ बजे चट्याङ परेझैं खोला गडगडायो, ठूलो बेगमा खोला आयो। स्थानीयले गाईंगुईं सुने, कुलेखानी जलाशयको बाँधबाट पानी छोडियो । उनीहरूलाई लागेको थियो, विगतमा जस्तो सुकै ओभरफ्लो भए पनि ठिक्क मात्रामा मिलाएर पानी छाडियो होला । तर, कुलेखानीको बाँधमुनिको पुल समेत धरापमा पार्नेगरी कुलेखानीको पानी छाडिएको सूचना पाउँदासम्म सिस्नेरी बजारमा रूवाबासी र भागाभाग चलिसकेको थियो । हेर्दाहेर्दै खोलाले छिनभरमै सिस्नेरीको बजार नै बढाऱ्यो। केहीबेरमै धेरै स्थानीयलाई घरबारविहीन बनायो । बाहिर घर भएपनि बजारमा पसल चलाइरहेकाहरूको रोजीरोटी खोसियो। कुलेखानीले उनीहरूको सम्पत्ति र सपना बगाएर बागमतीमा सेलायो । डरलाग्दो दु:ख भोगेकाहरू अझै राम्रोसँग निदाउन सकेका छैनन्। स्थानीय क्षेत्रका बालबालिकाहरू अझै पानी पर्नासाथ भयभीत हुन्छन्। अरू बेला स्थानीयको साथी बनेको खोलाले एकै दिनमा सत्रुले जस्तो पीडा दिएकोमा स्थानीहरूसँग गुनासोबाहेक केही छैन । तर कसलाई भन्ने, कसलाई गुहार्ने !

प्रकृतिले बगाएको खोला, अनि मान्छेले बनाएको बस्ती वर्षौंदेखि कुलेखानी खोला र सिस्नेरी नाममा साथसाथै बगिरहे, बसिरहे । तर १२ असोजपछिको सिस्नेरी कुलेखानी क्षेत्र हेर्दा यस्तो लाग्छ, मानौं मितेरी साइनो लगाएर बसेका दुई मितहरू ठूलो द्वन्द्वपछि आपसमा इबी साँधिरहेका छन्। कुलेखानीका बगरभरि सिस्नेरी बजारबाट बगाएर लगेका घरका काठपात र सरसामान यत्रतत्र छरिएका छन्। स्थानीयको लुगाफाटादेखि भाडाँकुडा कुलेखानीका बालुवाको गर्तमा बिलाएका छन् ।

स्थानीय लक्ष्मी नगरकोटी कुलेखानी खोला आफूहरूको सपनाको चिहानजस्तै बनेको बताउँछिन्। '२०५० सालमा पनि यो ठाउँमा यति ठूलो बाढी थिएन', बगरमा आफ्नो पसल रहेको ठाउँ देखाउँदै उनी भन्छिन्,-'बाढीअघि पसलबाट केही पनि सामान निकाल्न पाइएन, जे जति थियो सबै लग्यो ।'

इन्द्रसरोबर गाउँपालिका-३ का पूर्ववडाध्यक्ष चिरञ्जीवी पौडेल स्थानीय वयोवृद्धले २०११ सालमा समेत यत्रो बाढी नदेखेको बताउँछन्। २०५० सालमा आएको बाढीले खोलाको किनारमा रहेको केही खेतहरू कटान गरेको थियो। तर अहिले बस्ती समेत बगाएको उनको भनाइ छ । 'अब राज्यले यहाँको जोखिमयुक्त क्षेत्रका जनताका जग्गा प्राधिकरणले उचित मुआब्जा लिनुपर्छ', उनी भन्छन्,-'कुलेखानीको बिजुलीको लाभ समग्र रूपमा देशले लिइरहेको छ, तर यसको सबै जोखिम बोक्दै क्षतिको मूल्य पनि हामीले चुकाउनु परिरहेको छ ।'

## दशै घर भत्किएपछि, वडा कार्यालयमै राखियो जमरा

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाको ऐतिहासिक पालुङ शहरको दशै घर भत्किएपछि स्थानीयहरूले वडा कार्यालयमै जमरा राखेका छन् । उनीहरूले १७ असोजको शुभ साइतमा थाहा नगर पालिका वडा नम्बर २ को कार्यालयमा जमरा राखेका हुन् ।

वि.सं. २०७२ सालको भुकम्पले भत्किएको उक्त दशै घर जीर्णोद्वार हुन नसक्दा भत्किएको इन्द्रायणी भगवती कालाभैरब गुठी संरक्षण समिति पालुङका अध्यक्ष श्यमभक्त श्रेष्ठले जानकारी दिए। 'दशै घर पुर्ननिर्माणका लागि वडा, नगरपालिका, प्रदेश सरकार धेरैलाई गुहाऱ्यौ, कतैबाट सहयोग भएन अन्तत: जमरा समेत राख्न सक्ने अवस्था भएन,'- अध्यक्ष श्रेष्ठले भने-'संस्कृति जोगाउनका लागि वडासंगको समन्वयमा कार्यालयमै आज जमरा राख्यौं ।' स्थानीय संस्कृति र सम्पदा संरक्षणमा स्थानीय सरकारले ध्यान दिनुपर्ने स्थानीय निरोज प्रधानले बताए । पालुङमै बागमती प्रदेश सरकारले पुर्ननिर्माण गरेको फल्यामा पनि छानाको अभावमा प्लाष्टिक लगाइएको छ ।

पालुङमा राज्यको संरचना हुँदा सो दशै घरमा जमरा राख्ने, फुलपाती भित्र्याउने लगायतको कार्य गर्ने प्रचलन रहेको थियो। पालुङको दशै घरमा अहिले पनि फुलपाती भित्र्याउनका लागि स्थानीय सरकार प्रमुखहरू पुग्ने परम्परा अझै छ ।


'थाहा नगर विकासको आधार, कृषि, पर्यटन र पूर्वाधार'

थाहा नगरपालिका

थाहा नगरपालिकाको जरुरी सूचना !

यस थाहा नगरपालिका क्षेत्रका नदी तथा खोलामा रहेका जलचर संरक्षण विभिन्न कार्य गर्दै आएकोमा केही व्यक्तिहरुले करेन्ट तथा अन्य निषेधित केमिकल प्रयोग गरी लुकीछिपी रुपमा माछा मार्ने लगायतको कार्य गर्दै आएको भन्ने जानकारी प्राप्त भएको हुँदा त्यस्तो कार्य गर्न गर्नेलाई बागमती प्रदेश सरकारले जारी गरेको प्रदेशस्तरमा जलचर संरक्षण र व्यवस्थापन गर्न बनेको ऐन, २०७६ अनुसार जलचर समात्ने तथा मार्ने कार्य गरिएको पाइएमा ५० हजार रुपियाँसम्म जरिवाना, जलचर संरक्षण ऐन, २०५५ (संशोधन) अनुसार ६ महिनासम्म कैद वा पाँच हजार रुपियाँसम्म जरिवाना तथा थाहा नगरपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धी ऐन, २०७६ अनुसार पहिलो पटकका लागि ५ हजार नगद तथा पटके भएमा थप कारबाही गर्ने कानूनी व्यवस्था रहेको हुँदा जलचर मार्ने वा समात्ने कार्य नगर्नु नगराउनुहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।






# • सम्पादकीय •

## वडादशैंको शुभकामना

दशैं पर्वको इतिहास हिन्दू पुराणका सन्दर्भहरुसँग जोडिएका छन् । 'भगवान' रामले 'राक्षस' रावणको बध गरेको कुरा रामायणमा उल्लेख मात्र छैन सिंगो रामायण ग्रन्थ नै राम रावण लीलाका कथाले भरिएको छ । त्यसैगरी देवी भागवतमा "देवी भगवती" ले "असुर" महिसासुरको हत्या गरेर समाजमा शान्ति स्थापना गरेको लामो कथा छ । हिन्दू शास्त्रहरुमा "राक्ष वा असुरलाई" अन्यायी, अत्याचारी, असत्यको पक्षपाति र "देव" हरुलाई न्यायी, सदाचारी र सत्यको पक्षपातिका रुपमा अर्थ्याइएको छ । त्यसैले दशैं पर्वलाई असत्यमाथि सत्यको विजयका रुपमा लिने गरिन्छ । दशैं पर्वलाई मनाउने सन्दर्भमा भारतका वैदिक आर्य र नेपालमा खस हिन्दू आर्यहरुको प्रकृति मिल्दैन । भारतको वैदिक सभ्यतामा राम रावण युद्ध वा राम लीलालाई दशैंमा प्राथमिकतामा राखेको देखिन्छ । यद्यपि देवी भगवती र महिषासुरका मूर्ति बनाउने, नाटक देखाउने, पूजा गर्ने काम गरिन्छ । तिनीहरुले दशैंलाई दसेरा भन्छन् । भारतका हिन्दूहरुको सभ्यता सामुन्द्रिक विष्णु सभ्यता भएको कारणले नरिवल, छोडा आदि चढाउँछन् । कतिपय स्थानमा कुभिण्डो लगायत फललाई बलिका रुपमा चढाउँछन् । वैदिक हिन्दू समुदायका मानिसहरुले आफ्ना मान्यजनको हातबाट चामल र दही मुछेको टीका र जमरा लगाउँदैनन् ।

नेपालका खस आर्य अन्तर्गतका हिन्दू समुदायमा दशैं पर्वसँग कोट सभ्यता र खड्ग पूजाको संस्कृति जोडिएको छ । मध्य पहाडमा कोटघरको मौलामा राँगो, बोका, कुखुरालगायतको बलि दिइन्छ । वैदिक सनातनीहरु नवमीबाट उपवास बस्ने, साकाहार रहने गर्दछन् । तर नेपालमा अष्टमीको बिहान दुर्गा स्थापना गरेपछि नवमीको मध्यरातसम्म बलि दिने काम चलिरहन्छ । खस आर्य जातिको सभ्यता हिमाली सभ्यता हो जुन सभ्यता गुरुङ, मगर हुँदै राई, लिम्बुसम्म विस्तार भएको छ । मध्य तथा पश्चिम नेपालमा "खड्ग देवता" लाई साझा देवता मानिन्छ र दशैंको अष्टमी, नवमीमा सबैले पूजा गर्छन् । जुन कुरा सिद्ध र बराहको पूजाका सन्दर्भमा पनि सत्य हो । खस सभ्यताको इतिहास हेर्दा पीठाको टीका लगाउने चलन थियो । त्यसलाई पीठा लगाउने भनिन्छ । जुम्ला, मुगुलगायतका जिल्लाका कतिपय ठाउँमा यो प्रचलन आज पनि छ । नेपालमा दशैंमा दही चामलको टीका र जमरा लगाउने प्रचलन गुरुङ, मगर आदिको प्रचलन तथा मूलरुपमा किराँत सभ्यताबाट आयातित प्रचलन देखिन्छ । खस र किराँत तथा मगर गुरुङको सभ्यता भनेको हिमाली दर्शनमा आधारित प्रकृति र पशुपूजक सभ्यता हो । त्यसैले आजको नेपालको दशैं हिन्दूहरुको मात्र महान चाड नभएर समग्र नेपालीको एउटा साझा र मौलिक चाडका रुपमा स्थापित हुँदै आएको देखिन्छ ।

हिन्दू शास्त्रलाई वास्ता नगर्दा पनि आधुनिक नेपाली समाजमा दशैं पर्वले सामाजिक सांस्कृतिक अर्थ र महत्व राखेको देखिन्छ । यो सामाजिक तथा पारिवारिक सम्मिलनको सुखद अनुभूति दिने पर्व हो । नेपालमा वैदिक धाराले मनाउने भन्दा फरक ढंगले मनाइने दशैंको स्वाभाविक रुपमा केही राष्ट्रिय र मौलिक विशेषता रहेको छ । मूलरुपमा नेपालका सबै जातजाति, भाषा, भाषी र संस्कृतिका जनताले मान्ने पर्व भएको हुनाले नेपाली मात्रको राष्ट्रिय पर्व पनि भन्ने गरिन्छ । दशैं भित्रिसकेको छ । सम्पूर्ण देश विदेशमा रहनुभएका नेपालीहरुमा विजया दशमीको उपलक्ष्यमा हार्दिक शुभकामना ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# दशैँकै बेला किन उठ्छ पशुअधिकारको विषय ?



◆ प्रकाश अजात

दशैँको आगमनसँगै विशेषतः 'भर्चुअल समाज'मा दुईथरि बहस चल्छन् (भौतिक समाजमा यस्तो बहस धेरै कम हुनेगर्छ) । मासु नखाने, बलिविरोधी र शाकाहारी हिन्दू सम्प्रदाय पशुपक्षी हत्या 'पाप' भएको तर्क उठान गर्छन् । मासु खानुलाई सामान्य रूपमा लिने सनातनी हिन्दूहरू भने यस मतप्रति असहमति प्रकट गर्छन् । सनातनी परम्परामा मासु खाने र नखाने, बलि दिने र नदिने दुवै अभ्यास लामो समययता प्रचलनमा छ। तर दुवै पक्षले आ–आफ्ना तर्क 'शास्त्रीय' हुन् भनी दाबी गर्दै आएका छन् । धार्मिक पुस्तकहरूमा भने दुवै मत भेटिन्छ, किनकि हिन्दू परम्परा अनेकौँ मत/परम्परा र सम्प्रदायको सम्मिश्रण (फ्युजन) हो ।

'अहिंसा पक्षधर' 'अष्टादश पुराणेशु व्यासस्य वचन द्वयम्, परोपकारपुण्याय पापाय परपिडनम्' (अठार पुराणको सार व्यासको दुई वचनमा व्यक्त गर्न सकिन–अर्काको उपकार धर्म हो र अरूलाई दुःख दिनु पाप हो)लाई जोड दिन्छन् । उनीहरूको भनाइ रहन्छ, 'मार्नु धर्म हो भने अधर्मचाहिँ के हो?' धर्मलाई पुण्य र कल्याणका रूपमा व्याख्या गर्नुपर्ने उनीहरूको मान्यता रहन्छ। यद्यपि, मासुलाई भोजनका रूपमा स्विकार्नेहरू चाहिँ परम्परा र अभ्यासलाई कायम राख्नुपर्नेमा जोड दिन्छन्। उनीहरूको मतमा तृष्णाको तृप्ति पनि धर्म नै हो । उल्लेखनीय के छ भने, दुईतीन दशक पहिलेसम्म नेपाली समाजमा मासु खाने कुरा अत्यन्त खास थियो। विशेष पर्व र अवसरमा मात्र धेरैजसो नेपालीले मासु खान पाउँथे । मासु विशिष्ट व्यञ्जन (डेलिकेसी) मा गनिन्थ्यो। सन् १९९० को दशकपछि नेपालीको आर्थिक अवस्था सुध्रँदै जाँदा र ब्रोइलर कुखुरालगायत 'सस्तो मासु'को उत्पादन वृद्धि हुँदै गर्दा मासु डेलिकेसीबाट तल ओर्लेर कतिपय दैनिक त कैयन्मा साप्ताहिक रूपमा पाक्न थालेको छ ।

शाकाहारीको कुरा गर्ने हो, तिनको संख्या अहिले पनि संसारमै थोरै छ । इन्टरनेटमा शाकाहारीको वैश्विक जनसंख्याबारे अनेकन् दाबी पाइन्छन् र नेपाल र भारतका दुग्ध–शाकाहारी (मासु र अण्डा नखाने) शाकाहारीसमेत जोड्दा विश्वमा अहिले सात–नौ प्रतिशत शाकाहारी रहेको अनुमान छ। सीईओ वर्ल्ड म्यागजिनले जनाएअनुसार विश्वका डेढ अर्ब जनसंख्याले माछामासु खाँदैनन् । (सरकारहरूले भोजनबारे बिरलै तथ्यांक संकलन गर्ने भएकाले पनि शाकाहारीको जनसंख्याबारे स्पष्ट हुन कठिन छ।) वर्ल्ड पपुलेसन रिभ्युले उल्लेख गरेअनुसार चीनमा समेत शाकाहारीको संख्या त्यहाँको जनसंख्याको चार–पाँच प्रतिशत हाराहारी छ । योचाहिँ किन पनि चाखलाग्दो हो 'बाहिरिया संसार'ले चीनमा सबैजसो जीवको मासु खाइन्छ भन्ने भाष्य फैलाएको छ । ख्याल गर्नुपर्ने कुरा के छ भने, शाकाहार भन्नेबित्तिकै नेपाल र भारतमा दहीदूधलाई समेत बुझिन्छ तर खास गरी पश्चिमा समाजमा भने शाकाहारीको अर्थ विशुद्ध वनस्पतिजन्य भोजन बुझिइन्छ । विश्वव्यापी रूपमा हेर्दा शाकाहारीको वर्गीकरण यसरी गर्न सकिन्छः

**दुग्ध–शाकाहारीः** सागपात अन्न र दूधजन्य पदार्थ सेवन गर्ने तर मासु, माछा र अण्डा नखानेहरू यो समूहमा पर्छन् । भारत र नेपालका अधिकांश शाकाहारी यही कोटीमा पर्छन् ।

**ओभो (अण्डा) शाकाहारीः** सागपात अन्नसँगै अण्डासम्म खाने तर माछामासु नखाने यस श्रेणीमा पर्छन् । यस्ता शाकाहारीहरू दुग्धजन्य भोजनचाहिँ लिँदैनन् ।

**ल्याक्टो–ओभो (दुग्ध–अण्डा) शाकाहारीः** दूधजन्य पदार्थ र अण्डा दुवै खाने तर मासु र माछा नखानेहरू यस श्रेणीमा पर्छन् । नेपाल र भारतमा यस्ता शाकाहारी प्रशस्त छन् ।

**विशुद्ध शाकाहारीः** सबै प्रकारका जनावरबाट प्राप्त हुने पदार्थहरू, जस्तैः दूधजन्य पदार्थ, अण्डा र महसमेत नखानेहरू यस कोटीमा पर्छन् । यिनीहरू जनावरका छाला, रौँ र हाडसमेत प्रयोग गर्दैनन् ।

हालैका वर्षमा विश्वभर विशुद्ध शाकाहारी (दहीदूध–माछामासु नखाने, छाला, रौँ र हाडजन्य सामग्रीसमेत प्रयोग नगर्ने–भिगन) को संख्या बढ्दै छ । पश्चिमा देशमा विशुद्ध शाकाहारतर्फको लहर राम्रैसँग बढेको छ। भारत, चीन र ल्याटिन अमेरिकामा पनि केही हदसम्म यो बढ्दै छ। खास गरी मुटुरोग, मधुमेह र मोटोपनमा जनावरजन्य भोजनको भूमिका रहेका (स्वास्थ्य चेतना) कारण पशुपक्षीजन्य भोजन छाड्नेहरू बढ्दै छन्। पशुपक्षी उद्योगले वनजंगल र पानीजस्ता स्रोतको धेरै दोहन गर्ने भएकाले पनि पर्यावरणप्रति संवेदनशीलहरू पशुपक्षीजन्य सामग्री कम गर्दै छन् या छाड्दै छन् । त्यति मात्र होइन, पशुपक्षीजन्य सामग्री उद्योगमा हुने क्रूरताका विषयका कारण पनि मान्छेहरू 'भिगन' जीवनशैलीतर्फ आकर्षित भएका हुन्। कतिपय चर्चित सेलिब्रिटीले पनि भिगन जीवनशैली रोजेका कारण मान्छेहरूलाई त्यसतर्फ लाग्न थप बल मिलेको छ ।

यो भयो, मान्छेका 'भोजन'का रोजाइहरू। यद्यपि, हाम्रो समाज र परम्परामा भक्ष (खान हुने) र अभक्ष (खान नहुने)को परम्परागत व्याख्या पनि छ। भक्ष र अभक्षको विषय पनि उही अहिंसावादीको शुद्धताको सिद्धान्तमै पर्छ। सोही कारण अहिंसावादी मासुलाई 'खान नहुने' चीजका रूपमा व्याख्या गर्छन्, खाँदैनन् र आफ्ना देवतालाई पनि खुवाउँदैनन् । यति लामा सन्दर्भहरू जोडेपछि मात्रै शीर्षकले उठाएको विषयमा हामी जोडिन सहज हुन्छ ।

शाकाहार स्वास्थ्य र वातावरणसँगै पशुपक्षीको दया–करूणासँग पनि जोडिएको विषय हो । पशुको वध गर्दा यदि उनीहरू चिच्याउँथेनन् या कहालिन्थेनन्, अन्य आमतरकारी–सागपातझैँ चुप रहन्थे भने सम्भवतः मासु र बलिबारे युगौँयता यति धेरै चर्चा र असहमति सुनिन्थेनन् । यससँग हिंसा, अहिंसा, नैतिक र अनैतिक विषय जोडिन्थेन र चर्चा हुन्थेन । हिन्दू सनातनीका कतिपय शास्त्रमा पशुदेखि नरबलिका सन्दर्भसमेत भए पनि फेरि अनेकन् शास्त्रमा धेरै पटक पशुहिंसा नगर्न सुझाइएको मात्र होइन, निन्दासमेत गरिएका छन् । सम्भवतः सयौँ हजारौँ वर्षदेखि यो विषय बहसमा थियो । महावीर, बुद्ध र कबिरजस्ता सन्तहरूले पशुहिंसा रोक्न प्रयत्न गरेका कथा पनि पढ्न पाइएबाट पनि त्यसको छनक मिल्छ । अनेकौँ तिनै प्रयत्नकै कारण वर्तमान समयमा पशुअधिकारका विषयलाई राज्यले नै सम्बोधन गर्ने युगमा हामी आइपुगेका हौँ। तिनै असहमति र चर्चाका कारण विगत केही दशकमा धेरै नेपालीका कुल पूजाहरूमा पशुको बलि कम भएको देखिन्छ। मन्दिरमा पनि पशुबलिको सट्टा मान्छेहरूले नरिवल चढाउन थालेका छन् ।

सर्वोच्च अदालतले नै २०७३ साउन २० गते महत्त्वपूर्ण फैसला गर्दै बलिप्रथा 'निरूत्साहित गर्दै निर्मूल पार्नुपर्ने' आशयको आदेशसमेत दिएको थियो । न्यायाधीशद्वय ईश्वरप्रसाद खतिवडा र अनिलकुमार सिन्हाको इजलासले दीर्घकालीन रूपमा बलिप्रथालाई निरूत्साहित गरी रणनीतिक योजनामार्फत अन्ततः उन्मूलन गर्न आदेश दिएको हो ।

फैसलामा पशुमा पनि जीवन र प्राण रहने भएकाले दया करूणाजस्ता मानवीय मूल्य मान्यता अनुकूलको व्यवहार आवश्यक रहेको र पशुलाई गरिने दया, माया करूणाबाट अन्ततः मानव सभ्यताकै प्रवर्द्धन हुने उल्लेख छ। हजारौँ पशुलाई धर्म वा परम्पराका नाममा निर्घात हत्या गर्ने सिलसिला आधुनिक सभ्य समाजका लागि सुहाउने विषय होइन समेत भनिएको छ फैसलामा । नेपालको न्यायालयले यति बोलिसकेपछि यस सरहदभित्र बसेका र अहिंसाको नैतिक नियम मान्नेहरूले 'अन्यत्र पनि पशु मार्ने र खाने विषय पनि त्यही कोटीको हो' भन्न डराउनु पर्दैन । किनकि मांसभोजन आखिरमा पशुहिंसा र क्रूरताबाटै प्राप्त हुन्छ । *(यसमा कतिको जीविका पनि जोडिएको छ, बहसको अर्को विषय हो यो ।)*

उसो त आलु खन्ने या धान रोप्नेदेखि भित्र्याउने क्रममा पनि कतिपय कीरा–फट्याङ्ग्रा मारिन्छन् । खेतीमा प्रयोग हुने विषादीका कारण अनेकौँ जीव मारिन्छन् । त्यसरी हेर्दा जिउने उपक्रममा हामीले नचाहेरै अनेकौँ बाँच्न चाहने र हामीलाई हानी नगर्ने कीरा–फट्याङ्ग्रा मारिन्छन् । त्यसो हुँदा, खेतीकिसानीमा त्यसरी जीवहरू मारिन पुग्छन् भने खानकै लागि पशु मार्नु या देवतालाई पशु चढाउनुमा के खराबी छ भनेर पनि प्रश्न सोध्न सकिएला । तर त्यस्ता खालका 'हिंसा' जीवन जिउने उपक्रममा हुन पुग्ने 'कर्तव्य' हुन् । ती टार्न कठिन छ, तर दृढ इच्छाशक्ति मात्रै राख्दा पशुभोजन छाड्न या कम गर्न सम्भव छ। र, मान्छेले पशुजन्य भोजन छाड्दा/कम गर्दा पृथ्वी र पर्यावरणलाई लाभ हुन्छ। कमसेकम पशुले पनि कष्ट भोग्नुपर्दैन/कम कष्ट भोग्नुपर्छ। रह्यो कुरा, दशैँजस्तै चाडबाडमै किन बलि रोक्ने या मासु नखाने/कम खाने खाने विषय उठ्छन् भन्नेबारे। दशैँकै बेला यस्ता प्रश्न उठ्छन्, किनभने यही बेला मासु खानकै लागि धेरै पशुपक्षी मारिन्छन् । काटमार देख्दा कहालिने या मानसिक आघात पर्ने मान्छेहरूले नचाहेरै पनि यस्ता दृश्य यही बेला देख्न बाध्य हुन्छन् । यहीबेला सवारीसाधनमा व्यापक रूपमा पशुहरूको कष्टपूर्वक ढुवानी हुन्छन्, नचाहेरै पशुका चित्कार र रोदन

*बाँकी पेज ३ मा*

# दशैंमा सात्विक आहार : भान्सालाई अमृतालय बनाऔं



दशैं केवल खाने पर्व मात्र हैन दशैं साधनात्म उत्सव हो। उत्सव रमाइलो त गरौं तर साधना नछाडौं। सबैभन्दा बढि साधना हामीले खानपानमा गर्नु पर्ने हो। तर, सबैभन्दा बढि हेलचेक्राइ र असन्तुलन हामी खानपानमा नै गर्छौं।

खानपान तीन प्रकारको हुन्छ- सात्विक, राजसिक र तामसिक। जसले शरीरमा, मनमा, भावनामा, आत्मामा, चेतनामा सत्गुण अभिवृद्धी गर्छ त्यसलाई सात्विक खाना भनिन्छ। जुन सुपाच्य हुन्छ, हल्का हुन्छ, पोषिलो हुन्छ र खर्चको दृष्टिले पनि कम खर्चिलो हुन्छ, हिंसाको भोजन हुँदैन र गरिष्ठ हुँदैन त्यो सात्विक खाना हो। तर, हामी राजशिक र तामसिक खानालाई मात्र दशैं उत्सवको भोजन मान्ने गर्छौं।

सात्विक खानाका धेरै फाइदाहरू छन्। त्यसो त सात्विक खाना आफैंमा औषधि हो। अरू खाना आहार मात्र हो, कतिपय खाना भुस र कतिपय खाना चोकर छोकरा मात्र हो, पोषण केही छैन स्वादको लागि मात्र खान्छौं।

सात्विक खानामा जीवन, प्राण, अमृत, रस हुन्छ र सबैभन्दा बढि मिठास हुन्छ। तपाईं हामी खानाको नाममा दाल, भात, तरकारी हैन मरमसला, नुन, तेल खाइरहेका हुन्छौं सात्विक खानामा मर मसला, नुनतेल हुँदैन, त्यहाँ भोजन स्वयमको सारतत्व हुन्छ। जो प्राकृतिक स्वाद हो, मौलिक र नैसर्गिक स्वाद हो, त्यो सात्विक खानमा हुन्छ।

सात्विक खाना खाइयो भने हामी प्रकृतीसँग पनि नजिक हुन्छौं। त्यहाँ अहिंसात्मक खाना हुन्छ, शाकाहारी भोजन हुन्छ, जहाँ मांसहार, मत्छ्याहार र मद्यपान हुँदैन।

विशेषगरी खानाले तीन वटा लाभ पुऱ्याउँछः
- एक, शारीरिक पोषणको लाभ।
- दुई, मानसिक स्वास्थ्यको लाभ।
- तीन, आत्मिक उन्नतीको लाभ।

सात्विक खाना त्यो हो जसले शारीरिक पोषण मात्र दिँदैन मानसिक स्वास्थ्य र आत्मिक उन्नती पनि दिलाउँछ। त्यसैले दशैं तिहार जस्ता उत्सवमा सात्विक खानामा जोड दिनुपर्ने हो।

आयुर्वेदिक दृष्टिकोणले हेर्ने हो भने खानाले हामीलाई तीनवटा कुरा दिनुपर्छ दीर्घायु, हीतायु र सुखायु। यी तीन वटा गुण प्रदान गर्ने क्षमता सात्विक खानामा हुन्छ।

तपाईं -हामी आजभोलि रोगी र भोगी भएका छौं, शोकमग्न छौं, चिन्ता र छटपटीले भरिएका छौं। यो विभिन्न कारणले भएको हो। तर मूख्य कारण खानाको असन्तुलनले भएको हो। अस्वस्थकर, प्रशोधित, प्याकेटबन्द खाना र विभिन्न प्रकारले त्यसको रूपरंग बिगारिएका खानाले हो।

खानाको सार र प्राण जुन खानामा छ त्यो सात्विक खाना हो। जसले हाम्रो हृदय स्वास्थ्यको जोखिमलाई कम गर्छ। विभिन्न शारीरिक रोगव्याधिहरूलाई कम गर्छ र मोटोपनालाई नियन्त्रण गर्छ। यस्ता खानामा क्यालोरी पर्याप्त हुन्छ तर शरीरमा विभिन्न प्रकारका विकार एवं दोष उत्पन्न गर्ने हुँदैन।

प्रकृतिमा जुन रूपमा खाद्य परिकार छ त्यसलाई सकेसम्म रूपरंग आकार प्रकार नबिगारी खायौं भने त्यो सात्विक खाना हो।

माछामासु तामसिक खाना हो हामी यही बढि खान्छौं। यसले तमगुण उत्पन्न गर्छ, यसले जडता ल्याउँछ, निद्रा ल्याउँछ, अपराधवृत्ति ल्याउँछ, हिंसावृत्ति ल्याउँछ। खाना जुन मसलेदार हुन्छ, क्याफिनयुक्त हुन्छ, नशादार हुन्छ त्यसले चञ्चलता, अति सकृयता बढाउँछ। त्यो राजसिक खाना हो।

सात्विक खाना त्यो हो जुन प्रकृतिक छ, कम प्रसोधन गरिएको छ। जसमा फलफूल, काजु, किसमिस, नरिवल, बदाम, टुसाएका गेडागुडी, विभिन्न सलाद र अनि हाम्रा स्थानिय जडिबुटी अमला, घिउकुमारी, हर्रो, बर्रो आदि सबै समावेश छन्। यी सात्विक खाना हुन्।

हामीले नियमित खाने दालभात तर कारी पनि यदि सहि तरिकाले पकाउँछौं, त्यसको पोषण जीवित राख्छौं, धेरै प्रसोधित गर्दैनौं भने त्यो सात्विक खाना हो।

हाम्रो सर्वत्र समाज र प्रकृति सात्विक खानाले भरिएको छ। तर, हामी जिब्रोको स्वादको लागि तमसिक र रजगुणी खाना खोजिरहेका छौं। यो दशैं- तिहारमा र हरेक चाडपर्व उत्सवमा सात्विक खानाको पारखी हुनुपर्ने आवश्यकता छ। किनभने हाम्रो शरीरको मात्र चिन्ता लिएर हुँदैन मानसिक स्वास्थ्यको पनि चिन्ता लिनुपर्छ। र, त्यसको स्रोत सात्विक खाना नै हो।

खानाको भित्री सार तत्व, प्राण तत्व र जीवन तत्व सत्व भनिन्छ त्यसले हाम्रो आध्यात्मिक स्वास्थ्य राम्रो बनाउँछ। त्यसले भावना राम्रो बनाउँछ, ध्यान साधनामा मन लगाइदिन्छ, हामी भित्र चरित्र संस्कार सत्भाव उत्पन्न गरिदिन्छ र दूर्गुण अनि कुसंस्कारलाई हटाइदिन्छ।

दशैं खासगरी नौ दिन सात्विक खाना खानुपर्ने चाड हो, वैदिक दर्शन अनुसार। दुर्गा भनेको अति दुर्गम, मनका चित्तिका दुर्गम ठाउँमा रहेका विकारहरूलाई पशुवृत्तिहरूलाई बलि दिन दशैं मनाइने हो। त्यो साधनालाई पूर्ण गर्न सात्विक खाना खानुपर्ने हो। तर हामी तामसिक र राजसिक खानामा रमाइरहेको छौं। एकपटक हामी फेरी प्रकृमि फर्कौं र चाडबाडको मूल मर्म सत्व र प्रतिष्ठालाई जोगाऔं। केवल स्वाद र खानामा अलमल नगरौं। सात्विक खाना चाडपर्वमा मात्र होइन, अरूबेला पनि खानुपर्ने नियमित भोजन हो। अबको समय सात्विकताको युग हो। तासिकता र राजसिकताले हामीलाई चञ्चलता, मनका रोग शरीर का रोगव्याधि, विभिन्न व्यथा, पीडातर्फ लैजान्छ। मानसिक शान्तिका लागि आध्यात्मिक अभिवर्द्धनका लागि र शारीरिक स्वास्थ्यका लागि सात्विक खानामा फर्कनु पर्ने हुन्छ त्यसको पहिलो सिंढी यही चाडबाडलाई बनाउनु पर्छ।

हाम्रो चाडबाड सात्विक होस्, भान्सा सात्विक होस्। भान्सालाई हत्यालय, हिंसालय, रोगालय बनाइरहेका छौं। अब निरोगालय, आरोग्यलय र सात्विक भोजनालय बनाऔं।

## चिसोमा ओठको कुरा



जाडो मौसममा छाला फुट्ने र सुख्खा हुने समस्या हुन्छ। यस समयमा धेरैको ओठ फुट्ने समस्या पनि हुन्छ। जाडो मौसममा हुने यी समस्या धेरै सामान्य हुन्। तर, अलिकति सावधानी अपनाएमा यस्तो समस्यालाई सजिलै समाधान गर्न सकिन्छ। कतिपयको लागि यो समस्याले निकै ठूलो रूप लिन्छ।

फुटेको र सुख्खा ओठले हाम्रो सौन्दर्यलाई मात्र असर गर्दैन तर निकै पीडादायी पनि हुन्छ। जाडो मौसममा हामी प्रायः यस्तो समस्याको सिकार हुन्छौं। तर यस्ता समस्याले शरीरमा भिटामिनको कमी भएको पनि संकेत गर्छ। आज यो लेख मार्फत हामी तपाईंलाई ४ भिटामिनको बारेमा बताउन गइरहेका छौं। जसको कमीले तपाईंको ओठको स्वास्थ्य बिगार्छ। भिटामिन बि-२ भिटामिन बि-२ को कमीले हाम्रो कपाल, नङ, छाला र ओठको स्वास्थ्य बिग्रन सक्छ। भिटामिन बी-२ लाई रिबोफ्लेविन पनि भनिन्छ।

यसको कमीका कारण तपाईंले आफ्नो मुख वा ओठमा छालाहरू देख्न सक्नुहुन्छ। यसको आवश्यकता पुरा गर्न तपाईं डेरी उत्पादनहरू, सिमी, नट र हरियो सागसब्जी सेवन गर्नुपर्छ।

## दशैंकै बेला किन... . .

सुन्न बाध्य हुन्छन् मान्छेहरू।

कोरोना महामारीका बेला भ्याक्सिनको आविष्कारबारे चर्चा भएझैं, बाढीपहिरोका बेला पूर्वाधार र पूर्वतयारीको कुरा भएझैं 'मासु खाने पर्वका बेला मासुको स्रोत र 'एथिकल प्राक्टिस'बारे चर्चा हुन्छन्। सार्वजनिक मन्दिरमा पशुपक्षीको वध कसरी सही हुनसक्छ भनेर प्रश्न उठ्छन्। यस्ता प्रश्नहरू उठ्दा कतिपय सोध्छन्, 'हाम्रो चाडपर्वकै बेला किन कटु टिप्पणी गर्नुपरेको? मुसलमान र क्रिश्चियनका बकर इद र थ्यांक्स गिभिङ्मा हुने बाखा र टर्कीवधबारे चाहिँ तिमीहरू किन बोल्दैनौं ?

त्यो प्रश्न पनि एक पक्ष रूपमा जायजै हो। एक ठाउँको मात्रै गलत अभ्यासविरूद्ध प्रश्न उठाउनु अनुचित हो। तर अझै बढी जायज के हो भने हामी जुन ठाउँमा छौं, त्यही ठाउँबारे बढी जानकार हुन्छौं। त्यसले हामी बढी प्रभावित र हन्छौं। पाकिस्तानमा भूकम्प आउँदा नेपालमा भूकम्प प्रतिरोधी संरचना बनाउनेबारे कम चर्चा गर्छौं, नेपालमै भूकम्प आउँदा त्यस विषयबारे योजना नै अघि बढाउन सरकारसँग मागसमेत राख्छौं। पानी जता पर्छ, छाता त्यतै ओढिन्छ।

अर्को कुरा, पाकिस्तानजस्ता देशमा रहने केही मुस्लिम धर्मावलम्बीसमेत त्यहाँको धार्मिक कट्टरताका बाबजुद तिनका खास पर्वमा हुने पशुवधविरूद्ध आफ्ना रोदन सामाजिक सञ्जालमा व्यक्त गर्ने गर्छन् (यद्यपि, तिनको संख्या अति थोरै छ)। युरोप र अमेरिकाजस्ता खुला समाजमा पशुहिंसाविरूद्ध निर्धक्क अनेकन् प्रदर्शन हुन्छन्।

फेरि, आफ्नो घरमा फोहोरमैलो थुप्रँदा मान्छे छिमेकीको घर सफा गर्न जाने पनि त होइन। पहिले आफ्नो घर सफा राखेर नै अरूलाई प्रश्न गर्ने सामर्थ्य राख्छौं।

*यहाँको दशैं हिंसारहित रहोस्।*

नगरौं विवाहका कुरा:
भएको छैन बीस वर्ष पुरा
बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं।



बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ। बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं। बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं।
"सानै छु बढन देउ, विवाह हैन पढन देउ"
थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर आँगनको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं। सड्ने फोहरलाई मल बनाऔं। नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं। ध्वनी प्रदुशणको न्युनिकरणमा सवै सचेत बनौं।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं। विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं।
- समयमै कर तिरौं। सभ्य नागरिकको परिचय दिऔं।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# दिव्यतारा थाहानगर सेवा केन्द्रको साधारणसभा



◆ विकास संवाददाता

हेटौंडामा मुख्य कार्यालय रहेको दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको थाहानगर सेवा केन्द्रको छैटौं इकाईसभा तथा २६ औं साधारणसभा १९ असोजमा भएको छ ।

संस्थाको थाहानगर सेवाकेन्द्रको संयोजक भरत गोपालीको अध्यक्षतामा सम्पन्न साधारणसभामा बागमती प्रदेश सांसद लक्ष्मी श्रेष्ठको प्रमुख आतिथ्यता रहेको थियो । साधारणसभामा संचालक समितिका प्रतिनिधित्व गर्दै मुख्य कार्यालय हेटौंडाका सचिव ईश्वर पण्डित, थाहा–३ का अध्यक्ष हिरेन्द्रकुमार रायमाझी, ४ नम्बर वडाअध्यक्ष नारायण लामा, संस्थाका थाहा इकाई सल्लाहकार खड्गबहादुर गोपाली, कृष्णभक्त श्रेष्ठ, संस्थाका वयोवृद्ध सदस्य रामजी कार्की, संस्थाका हेटौंडा सहसचिव निलम बजगाँई लगायतको उपस्थिति थियो ।

कार्यक्रममा प्रमुख अतिथि सांसद श्रेष्ठले संस्थाको वित्तीय प्रगतिको मूल्यांकन उच्चरहेकोले आगामी दिनमा संस्थाको प्रगतिको कामना गर्दै साधारणसभाको सफलताको शुभकामना दिइन् । साधारणसभामा संस्थाको प्रतिवेदन प्रस्तुत गर्दै थाहा संयोजक गोपालीले विभिन्न स्थानमा छरिएर रहेका स–साना पुँजीलाई एकीकृत गरी सानै भएपनि राष्ट्रिय पुँजी निर्माण गर्न संस्थाले मद्दत गरेको बताउदै सहकारीसँग सम्बन्धित ऐन कानुनको परिधिभित्र रही सदैव सहकारी अभियानमा आवद्द हुन आग्रह गरे ।

आगामी आर्थिक वर्ष शेयर सदस्य संख्या १५ सय पुर्‍याउने लक्ष्य रहेको जनाइएको छ । यसवर्ष संस्थाले १७ लाख २० हजार खुद नाफा गरेको र ५ करोड ८० लाखको वार्षिक कारोबार गरेको प्रतिवेदनमा उल्लेख छ । हाल संस्थाको मुख्य कार्यालय सहित सबै सेवा केन्द्रको संयुक्त कारोबारमा शेयर सदस्य संख्या १० हजार ८ सय ३० ऋण सदस्य २ हजार ९ जना, शेयर पुँजी १२ करोड ३८ लाख ६९ हजार ७ सय रहेको छ । बचततर्फ ६८ करोड ३१ लाख ५८ हजार ४ सय रूपैयाँ र बाह्य ऋण ४३ करोड २९ लाख ७ हजार २ सय ५२ रहेको प्रतिवेदनमा उल्लेख छ ।

# नौ दिनपछि भीमफेदीको इपाका सबै गाउँमा बत्ती बल्यो




◆ विकास संवाददाता

मकवानपुरको भीमफेदी गाउँपालिका वडा नम्बर ८ का सबै गाउँहरूमा अवरूद्ध बिजुली पुनः सुचारू भएको छ । गत १० असोजको वर्षाका कारण पोल तथा तारमा क्षति भई अवरूद्ध भएको विद्युत सेवा गाउँपालिकाको पहलमा मर्मत संचार गरी नवौं दिनमा सुचारू भएको पालिका अध्यक्ष हिदम लामाले जानकारी दिए ।

भीमफेदी गाँउपालिका वडा नम्बर ८ इपाका सबै गाँउहरूका साथै छिमेकी र बकैया गाँउपालिका १२ का कोलखोप, रातोमाटे, ठिगनडाँडा, ठिगन बजार, धारापानी, चिप्लेटी लगाएका क्षेत्रका गरी एक हजार भन्दा बढि घरधुरीमा विद्युत सेवा सुचारू भएको अध्यक्ष लामाको भनाइ छ ।

प्राकृतिक प्रकोपका कारण अवरूद्ध विद्युत सेवालाई सुचारू गर्नका लागि जनश्रमदान गर्नु हुने महानुभावहरू, नेपाल विद्युत प्राधिकरण हेटौडा वितरण केन्द्र, प्राविधिक जनशक्ति सबैलाई अध्यक्ष लामाले धन्यवाद दिएका छन् ।

# हेटौंडा कुलेखानी काठमाण्डौं सडक ९ दिनपछि खुल्यो




◆ विकास संवाददाता

हेटौंडाबाट काठमाण्डौं जोड्ने छोटो दुरीको हेटौंडा कुलेखानी काठमाण्डौं सडक नौ दिनपछि २० असोजबाटबाट सञ्चालनमा आएको छ । बागमती प्रदेश राजधानी हेटौंडा जोड्ने तीनवटै माग अहिले सञ्चालनमा आएको छ ।

छोटो दुरीका हेटौंडा–कुलेखानी–सिस्नेरी–दक्षिणकाली–काठमाडौँ सडक, कुलेखानी–फाखेल–हुमाने–काठमाडौ, कुलेखानी–महालक्ष्मी–चखेल–मातातिर्थ–काठमाडौं तीनवटै मार्गहरू संचालनमा आएको प्रदेशका भौतीक पूर्वाधार मन्त्री अमन कुमार मास्केले जानकारी दिए । बाटो खेलेसंगै उक्त मार्ग हुँदै यातायातका साधनहरू बाक्लै रूपमा सञ्चालन हुन थालेको छ भने त्रिभुवन राजपथमा सवारी चाप कम हुँदै गएको छ ।

यसैगरी मार्खु–चित्लाङ–चन्द्रागिरी–काठमाडौं सडक यसअघि नै खुलेको थियो । असोज १० देखि १२ गते परेको अविरल वर्षादले देशभर आएको बाढीपहिरोका कारण अधिकांस राष्ट्रिय लोकमार्ग तथा प्रादेशिक मार्गहरू अवरूद्ध भएकोमा कुलेखानी ड्याममुनिको डाइभर्सनको काम सकिएपछि फाखेल र सिस्नेरीको दुवैतर्फको मोटरबाटो २० असोजबाट संचालनमा आएको हो ।

दसै लागिसकेकोले सवारी साधनको आवागमनको चाप अत्याधिक हुने भएकाले सिस्नेरी र फाखेलतर्फ आउँदा एकातर्फबाट जाँदा अर्कोतर्फबाट सवारी साधन चलाउने विषयमा छलफल भइरहेको मन्त्री मास्केको भनाई छ ।

# अटेरी संघीय सरकार

◆ विकास संवाददाता

जिल्ला विपद व्यवस्थापन समिति मकवानपुरले विपद संकटग्रस्त क्षेत्र घोषणाका लागि गरेको सिफारिस संघीय सरकारले लत्याएको पाइएको छ । ११ र १२ असोजमा परेको वर्षातका कारण आएको बाढी पहिरोबाट भएको क्षतिको आधारमा समितिले गृह मन्त्रालय र राष्ट्रिय जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरणलाई सिफारिस गरेको थियो ।

बैठकले इन्द्रसरोवर गाउँपालिकाको सबै ५ वटै वडा, बकैया गाउँपालिकाको १० नम्बर वडा र भीमफेदी गाउँपालिकाको ८ नम्बर वडालाई संकटग्रस्त क्षेत्र घोषणाका लागि सिफारिस गरेको थियो । सिफारिस गरेका इन्द्रसरोवर र बकैयाका वडाहरू संकटग्रस्त घोषणा गरेको छ भने भीमफेदीको सिफारिस भएको ८ नम्बर वडालाई संकटग्स्त क्षेत्र घोषणा गरेको छैन ।

बाढी पहिरोले क्षति पुऱ्याएको भीमफेदीको वडा संकटग्रस्त क्षेत्र घोषणा नभएको प्रसंगमा पालिका अध्यक्ष हिदम लामाले भने–'संविधानको भाग २० धारा २३२ मा संघ, प्रदेश र स्थानिय तह बिचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने छ भन्ने व्यवस्था छु खोइ त समन्वय ?'

## थाहा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### इन्द्रायणी चौर, मकवानपुर

## उपभोक्ता हित संरक्षणमा जारी सूचना

उद्योग तथा व्यवसायका लागि :

१. विक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
3. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६ नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
११ खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य बस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
- फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
- होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको व्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# स्वछन्द भैरव डोजो चित्लाङ्का १४ खेलाडीलाई ब्लाकबेल्ट

◆ विकास संवाददाता

सितेरियो कराते डोजो चित्लाङले १४ खेलाडीलाई ब्ल्याक बेल्ट प्रदान गरिएको छ । १९ असोजमा चित्लाङको हात्तिसारमा आयोजित ग्रेडिङ कार्यक्रममा उनीहरूलाई ब्ल्याक बेल्ट प्रदान गरिएको हो ।

ब्ल्याक बेल्ट प्राप्त गर्नेमा भुमिका बलामी, इनेश बलामी, करण गमाल, अर्जुन गमाल, समीर गोले, आस्मा थोकर, निशान गोले, सुमित भोम्जन, उज्वल लङ्वा, दिपिका स्याङ्तान, अनुष्का लोप्चन, प्रिती थिङ, सलिना माझी र रिता श्रेष्ठ रहेका छन् ।

चित्लाङको हात्तिसारमा थाहा नगरपालिका वडा नम्बर ९ का अध्यक्ष राजकुमार बलामीको प्रमुख आतिथ्यतामा भएको समारोहमा सितेरियो करातेका केन्द्रिय डोजो प्रमुख तथा प्रमुख प्रशिक्षक साइला गमाल, खेलकुद विकास समिती थाहा नगरका सदस्य यादव जंग रायमाझी, वडा नम्बर ९ खेलकुद विकास समिती संयोजक अमर सिंह ठकुरी, वडा सदस्यहरू रमेश बलामी, रामकृष्ण कपाली, अन्जु श्रेष्ठ, पुर्व वडा अध्यक्ष पर्शुराम श्रेष्ठ, नेकपा माओवादीका वडा



संयोजक रमेश बिडारी, नेपाली काँग्रेसका निर्मल बलामी, राप्रपाका रामकृष्ण लामिछाने, स्वच्छन्द भैरव डोजोका अध्यक्ष निरन घोले लगाएतका उपस्तिथि रहेको थियो ।

डोजो प्रमुख प्रशिक्षक रोशन बलामीको अध्यक्षतामा सम्पन्न ग्रेडिङ समारोहमा खेलाडीहरूलाई शुभकामना दिदै अतिथीहरूले उच्च मनोबल र मेहनतको प्रतिफल पाएको बताउदै खेलप्रति लगाव राख्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको खेलाडी बन्न शुभकामना दिए । ग्रेडिङ कार्यक्रमको अवसरमा खेलाडीहरूले काँता, स्पायरिङसहित डेमोस्ट्रेसन प्रस्तुत गरेका थिए ।


## थाहा नगरपालिकालाई नमुना बनाउन हातेमालो गरौं ।

- जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनासमयमै दर्ता गरौं ।
- खानेपानिका मुहान, संरचनाहरु सफा र सुरक्षित राखौं, आगलागि तथा बाढीपहिरो जस्ता प्राकृतिक प्रकोपमा सावधानी अपनाऔं ।
- नगरपालिकाभित्र सञ्चालन हुने सबै प्रकारका व्यापार व्यवसाय नगरपालिकामा दर्ता गरेर मात्र सञ्चालन गरौं ।
- बालश्रम, बालबिवाह रोकौं, निर्णयकमा बालबालिका सहभागिता थपौं ।
- बालबालिकाको पालपोशण र शिक्षामा लगानि गरौं ।
- समयमै कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।
- हरेक बालबालिकाले शिक्षा पाउनु उनिहरुको नैसर्गिक अधिकार हो, त्यसैले बिधालय भर्ना गर्न उमेर पुगेका आफ्ना नानिबाबुहरुलाई समयमै विद्यालय पठाऔं ।
- नगरपालिकालाई बालमैत्रि बनाउने अभियानमा सहभागी बनौं ।
- छोराछोरीमा भेदभाव नगरौं, सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- घरेलु हिंसा विरुद्ध डटेर लडौं, सभ्य समाज निर्माणमा सहयोग गरौं ।
- नियमित रुपमा लगाउनुपर्ने खोपहरु स्वास्थ्यसस्थामा बच्चालाई लिई समयमै खोप लगाई बाल मृत्युदर घटाऔं ।
- आ-आफ्नो घर वरिपरि आफै सफा सुग्घर गरौं । स्वच्छ र शान्त वातावरण कायम गरौं ।
- प्रत्येक घरधुरि, संघसस्था, सार्वजनिक स्थानहरुमा चर्पि निर्माण गरी चर्पीमा मात्र दिसापिसाव गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर


# थाहाका १७ जनाले लिए खानेपानी सम्बन्धी ग्रामिण मर्मत संभारकर्ता तालिम

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकाका १७ जनाले खानेपानी सम्बन्धी ३ दिने ग्रामिण मर्मत संभारकर्ताको तालिम लिएका छन् । उनीहरूले १५ असोजबाट शुरु भएको तालिम लिएका हुन् । थाहाको थानाबजार स्थित गंगा होटलमा भएको तालिम १७ असोजमा सकिएको छ ।

तालिमका सहभागीहरूलाई खानेपानी प्राविधिकहरू मेनुका थापा र सुभाष मरहट्टाले प्रशिक्षण दिएका थिए । च्वाइस नेपाल, थाहा नगरपालिका र स्थानीय समुदायको साझेदारीमा निर्माण भएको र निर्माणाधीन खानेपानी पारियोजनाको दिगो संचालन एवम् व्यवस्थापनका लागि तालिम दिइएको हो । डोटरा हिलिङहेन्ड फाउन्डेसन, रोटरी क्लब अफ काठमाण्डौको सहयोगमा उक्त तालिम सञ्चालन भएको थियो । थाहा नगरपालिकाका कार्यपालिका सदस्य जनक विक समेत उपस्थिती रहेको तालिम समापन कार्यक्रममा सहभागीहरूलाई च्वाइस नेपालका मकवानपुर कार्यक्रम संयोजक सुकराम दुलाल, पालुङ टिम लिडर प्रताप घिमिरे, ग्रामिण विकास विशेषज्ञ कुल प्रसाद तिवारी, इन्जिनियर प्रकाश बास्तोलालगायतले प्रमाणपत्र वितरण गरेका थिए । तालिममा सहभागीहरूले ध्यान दिएर सिकेकाले व्यवहारतः काम गर्न सक्ने च्वाइस नेपालका खानेपानी प्राविधिक सुभाष मरहट्टाले विश्वास व्यक्त गरे । समापन कार्यक्रममा सिकेको सिपलाई व्यवहारमा उतार्नका लागि कार्यक्रम संयोजक दुलालसहित सबैलाई सहभागीहरूलाई आग्रह गरेका थिए ।

यसअघि १५ असोजमा थाहा नगरपालिकाका सामाजिक विकास समिति संयोजक तथा ११ नम्बर वडाअध्यक्ष दिनेश बलले तालिमको उद्घाटन गरेका थिए । कार्यक्रममा च्वाइस नेपालका पालुङ टिम लिडर प्रताप घिमिरेले अतिथीहरू तथा सहभागीलाई तालिमको उद्देश्य जानकारी गराउँदै सबैलाई स्वागत गरेका थिए । उनले खानेपानी आयोजनाको दिगो सञ्चालनका लागि सामुदायिक मर्मत



संभारकर्ताको भूमिका महत्वपूर्ण हुने बताए ।

सो अवसरमा ११ नम्बर वडाध्यक्ष तथा कार्यक्रमका सभाध्यक्ष दिनेश बलले थाहानगरको खानेपानी तथा अन्य विकासको कार्यमा च्वाइस नेपालको योगदान महत्पूर्ण रहेको बताए । बलले टिष्टुङ आग्रा जस्ता पालिकाको दुर्गम भनिएका क्षेत्रमा खानेपानी सुविधा पुऱ्याएर निकै सहयोग गरेको उल्लेख गरे ।

मकवानपुर जिल्ला बहुउद्देश्यीय सहकारी संघका कोषाध्यक्ष बिमल कुमार ढकालले च्वाइस नेपालले महिलाहरूलाई आयआर्जन तथा कृषि क्षेत्रमा सहयोग गर्दै आएकोमा व्यक्तिलाई सीपसहित दक्ष बनाउने काम गरेकोमा आभार व्यक्त गरे । मानिसको दैनिकी पानी बिना अघि बढ्न नसक्ने उल्लेख गर्दै यति धेरै संवेदनशील विषयको दीगोपनको लागि काम गर्नु प्रशंसनीय भएको बताए । उनले च्वाइस नेपाल थाहानगरमा काम गर्ने उदाहरणीय गैरसरकारी संस्था भएको उल्लेख गरे ।

थाहानगर खानेपानी व्यवस्थापन बोर्डका सुरज कुमार भुजेलले थाहा नगर पालिकाको खानेपानी पूर्वाधार विकासका लागि च्वाइस नेपालको योगदान उच्च रहेको बताए । निर्माण भएका योजनाहरूलाई दीगोपनाको लागि सामुदायिक मर्मत संभारकर्तालाई सिपालु बनाउने काम अझ महत्वपूर्ण रहेको उनको भनाइ थियो । आयआर्जन, शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा सहयोग गर्दै आएको च्वाइस नेपाल नगरपालिकाको विकास साँझेदारकै रूपमा रहेको उनको भनाइ थियो । थाहा नगरपालिकाका सूचना अधिकारी समेत रहेका भुजेलले नगरपालिकाले एकद्वार प्रणालीबाट खानेपानी व्यवस्थापन गर्नका लागि बोर्ड गठन गरिएकोले छरिएर रहेका खानेपानी समितिहरूलाई बोर्डमा हस्तान्तरणका लागि अपील गरे । आफ्ना नागरिकहरूलाई शुद्ध खानेपानी वितरण गर्ने सोच हुँदाहुँदै पनि खानेपानी परीक्षण गर्ने 'मिनी ल्याब' समेत स्थापना गर्न नसक्दा सबै मुहानको पानी परीक्षण गर्न कठिनाइ भएको बताए । उनले काठमाण्डौ तथा हेटौंडा लगेर खानेपानी परीक्षण गर्दा खर्चिलो र कठिनाइ भएको बताउँदै खानेपानी परीक्षण गर्नका लागि पालिकास्तरमा 'मिनी ल्याब' स्थापनाका लागि च्वाइस नेपाललाई सहयोग गरिदिन आग्रह गरे ।

च्वाइस नेपालका ग्रामिण विकास विशेषज्ञ कुल प्रसाद तिवारीले संचालन गरेको कार्यक्रममा थाहा नगरपालिकाका कार्यपालिका सदस्य जनक विक, प्रशिक्षकहरू, खानेपानी उपभोक्ता संस्थाका पदाधिकारीहरू लगायतकाको उपस्थिती रहेको थियो । च्वाइस नेपालले थाहा नगरपालिकामा ७ वटा खानेपानी योजना निर्माणका लागि सहयोग गरेको छ भने शिक्षा, स्वास्थ्य, कृषि तथा विभिन्न आयआर्जनका कार्यक्रमहरूलगायतका क्षेत्रमा काम गर्दै आएको छ ।

# कुलेखानी सडकमा हल्का सवारी चल्न पाउने

◆ विकास संवाददाता

हेटौंडा र काठमाण्डौ जोड्ने छोटो दुरीको मार्ग खुलेसंगै रूट र चल्न पाउने सवारी साधनको प्रकारको विषयमा जिल्ला प्रहरी कार्यालय मकवानपुरले प्रकाशन गरेको छ । प्रकाशित सूचना अनुसार हेटौंडाबाट भैसे भीमफेदी कुलेखानी चित्लाङ हुँदै काठमाण्डौ रूटमा अत्यावश्यक सेवाको एम्बुलेन्स मोटर साइकललगायत हलुका सवारी साधन र चार पाङ्ग्रे सरकारी गाडी चल्न पाउने भएका छन् ।

त्यसैगरी भैसे पालुङ चित्लाङ हुँदै काठमाण्डौ वा हेटौंडा भैसे पालुङ नौबिसे हुँदै काठमाण्डौ रूटमा चार पाङ्ग्रे सवारी साधन अर्थात मिनि बस, हाइस तरकारी बोक्ने साना गाडी सञ्चालन हुन पाउने भएका छन् । यि सवारी साधन उक्त रूटमा विहान ४ बजेदेखि बेलुकी ७ बजेसम्म सञ्चालन हुन पाउने सूचनामा उल्लेख छ ।

त्यसैगरी हेटौंडा भैसे पालुङ नौबिसे काठमाण्डौं सडक रूटबाट मिनि ट्रकलगायत अत्यावश्यक वस्तु ढुवानी गर्ने माल बहाक सवारी साधन संचालन हुन पाउने छन् । सवारी चाप अनुसार विहान ४ देखि बेलुका ७ बजेसम्म सवारी संचालन हुन पाउने सूचनामा उल्लेख छ ।




समयमै व्यक्तिगत घटना दर्ता गरौं ।

थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# बाढी पहिरोबाट थाहानगरका २६ खानेपानी आयोजनामा डेढ करोड बढि क्षति

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिका क्षेत्रका २६ वटा खानेपानी आयोजनामा करिब १ करोड ६३ लाख रूपियाँ बराबरको क्षति भएको छ । गत ११ र १२ असोजमा परेको वर्षाका कारण खानेपानी आयोजनाहरूमा क्षति भएको थाहा नगरपालिकाले जनाएको छ ।



वर्षाका कारण आएको बाढि पहरोले खानेपानीका १८ वटा इन्टेकमा क्षति पुगेको छ । त्यसैगरी २४ वटा खानेपानी रिजर्भ ट्याङ्कीमा क्षति पुगेको नगरपालिकाले तयार गरेको प्रारम्भिक क्षतिको तथ्याङ्कमा उल्लेख छ । विभिन्न साइजका गरी १६ हजार १७० मीटर पोलिथिन पाइप क्षति भएको छ भने एक हजार ३२४ मीटर जिआइ पाइपमा क्षति भएको पालिकाले जनाएको छ ।

नगरपालिकाको प्रारम्भिक तथ्याङ्क अनुसार इन्टेकहरूमा भएको क्षति करिब ९ लाख रूपियाँ छ भने रिजर्भ ट्याङ्कीहरूको क्षति मूल्याङ्कन १ करोड ३१ लाख ७५ हजार रूपियाँ रहेको छ । त्यसैगरी पोलिथिन पाइप २० लाख १७ हजार ४५१ र जिआइ पाइपको क्षति मूल्याङ्कन २ लाख १० हजार ४६६ रूपियाँ रहेको नगरपालिकाका सब इन्जिनियर सीताराम ढकालले जानकारी दिए ।

नगरपालिकाको सबै १२ वटै वडाहरूबाट तथ्याङ्क संकलन गरी पालिकामा एकीकृत गरी क्षतिको मुल्याङ्कन गरिएको थाहा नगरपालिकाका सूचना अधिकारी सुरज कुमार भुजेलले जानकारी दिए । सूचना अधिकारी भुजेलका अनुसार-'खानेपानी आयोजनामा भएको क्षति पुर्ननिर्माणका लागि पालिकासंग बजेट अभाव भएका कारण खानेपानी डिभिजन, मन्त्रालय तथा विभागहरूमा अनुरोध गरी पठाइएको छ ।' क्षतिको पुर्ननिर्माणका लागि पालिकाले सरकारी तथा गैरसरकारी निकायलाई आग्रह गरेको छ ।

# थाहानगर उपप्रमुखको नेतृत्वमा छड्के अनुगमन

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीसहितको टोलीले दामन सिमभन्ज्याङ क्षेत्रको होटलहरूमा छड्के अनुगमन गरेको छ । १८ असोज दिउँसो थाहानगर प्रहरी र न्युज २४ टिभिका पत्रकार सहितको टिमले छड्के चेक गरेका हुन् । काठमाण्डौं प्रवेश गर्ने अन्य नाकाहरू बन्द रहेको अवस्थामा सवारी साधनहरू थाहानगर हुँदै गुड्ने हुँदा यात्रुहरू नठगिउन र गणुस्तरीय खानेकुरा खान पाउने भन्ने उद्देश्यले बजार अनुगमन गरिएको हो ।

१८ असोजमा भने उपप्रमुख गोपालीले खाना-पानी जस्ता वस्तुहरूमा अनावश्यक रूपमा मूल्यवृद्धि भएको सूचना प्राप्त भएपछि उपप्रमुख गोपाली एक्सनमा उत्रिएका थिए । अनुगमनका क्रममा पत्रकारले गरेको प्रश्नमा थाहानगर होटल व्यवसायी संघका अध्यक्ष शिव कुमार खत्रीले थाहा नगरपालिका क्षेत्रका कुनै पनि होटलले निर्धारित मूल्यभन्दा बढी रकम नलिएको दाबी गरे। उनले सादा खाना दुई सय, मासु सहितको खाना तीन सय पचास, तरकारी पच्चीस र पानी पच्चीस रूपैयाँमा बिक्री भइरहेको जानकारी दिए।

खत्रीलेले खाना-पानीमा अनावश्यक मूल्यवृद्धि गरिएको कुरा गलत भएको र यातायातको चाप बढे पनि, नबढे पनि एउटै मूल्य कायम रहेको बताए । त्रिभुवन राजपथको व्यवस्थापनको सन्दर्भमा उपप्रमुख गोपालीले अविरल वर्षाले निम्त्याएको पहिरोका कारण थाहा नगर प्रहरी, नेपाल प्रहरी, र सडक विभागसँग समन्वय गरेर २४ घन्टाभित्र यातायात सञ्चालन गर्न सफल भएको बताए ।

यातायातको चाप व्यवस्थापन गर्न ट्राफिक प्रहरी, नेपाल प्रहरी, र नगर प्रहरीलाई परिचालन गरिएको जानकारी दिए । त्रिभुवन राजपथ हुँदै यात्रा गर्दा यात्रुहरूलाई खाना-पानी खुवाउँदा ठगी हुने आशंका रहेका कारण खानाको गुणस्तर र सरसफाइ जाँच गर्न नगर प्रहरीलाई खटाइएको पनि उनले बताए ।

लापरबाही भए कानुनअनुसार कारबाही गरिने चेतावनी पनि दिए ।

'थाहा नगर विकासको आधार, कृषि, पर्यटन र पूर्वधार'

**थाहा नगरपालिका**

**कृषि विकास शाखाको सूचना !**

प्रथम पटक सूचना प्रकाशित मिति २०८१।०६।०५

यस थाहा नगरपालिका कृषि विकास शाखा ईन्द्रायणी चौर मकवानपुरको आ.व. २०८१/८२ स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलका कृषि सामाग्री ५०% अनुदानमा वितरण गर्ने कार्यक्रम रहेको हुँदा आवश्यक कागजात सहित सूचना प्रकाशित मितिले ३० दिन (दशैं बिदा ५ दिन बाहेक) मिति २०८१/०७/१३ गतेसम्म थाहा नगरपालिका भित्रका इच्छुक कृषक समुह, कृषि सहकारी र कृषि फर्महरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यस कार्यालयमा निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

१. मल्चिङ प्लाष्टिक ३० माइक्रोन १.२x४०० मि. (तौल १४.४ के.जी.)

**आवश्यक कागजातहरू:**

१. निवेदन -१ प्रति लेटरहेडमा (अध्यक्ष वा प्रोपाइटरको नाम, मोबाइल नम्बर र समुह/सहकारी/फर्मको पान नं. अनिवार्य)
२. कृषक समुह/कृषि सहकारी/कृषि फर्मको दर्ता प्रमाणपत्रको दुबै तिर देखिने गरी प्रतिलिपि- १ प्रति
३. कृषक समुह/कृषि सहकारीको बैठकको निर्णय प्रतिलिपि- १ प्रति
४. कर चुक्ता प्रमाणपत्र प्रतिलिपि- १ प्रति
५. पान दर्ता प्रमाणपत्रको प्रतिलिपि- १ प्रति

*अन्य जानकारीको लागि: मो.नं. ९८४५१०३३४१/९८४५०७२२०० वा इमेल adsthahamun@gmail.com मा सम्पर्क गर्न सकिने छ ।*

**चाडपर्वको बेला सुरक्षित यात्रा गरौं !**

*चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले,*

- प्रयाप्त संख्या र नियमित रुपमा सवारीसाधन संचालन गरौं ।
- सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं ।
- सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नबोकौं ।
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं ।
- सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं ।
- मादकपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं ।

*दुर्घटनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**बाल विवाह नगरौं**

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४

| | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १३३)। | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । |

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

**थाहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा-२ ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी